आज मिति २०८१/०३/१२ गते विहानको ८:३० बजेको समयमा यस उच्च सरकारी वकील कार्यालय जुम्लाको का.मु. सह-न्यायाधिवक्ता श्री द्रोणदत्त पौडेल ज्यूको संयोजकत्वमा बसेको समन्वय समितिको बैठकमा देहायको विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थितिः-

१. का.मु. सह-न्यायाधिवक्ता, श्री द्रोणदत्त पौडेल (अध्यक्ष)
२. प्रमुख जिल्ला अधिकारी, श्री जय कुमार घिमिरे (सदस्य)
३. प्रहरी नायब उपरीक्षक, श्री छेदीलाल कामोती (सदस्य)
४. रजिष्टार, श्री यम प्रसाद बाँस्कोटा (आमन्त्रित)
५. नि. जिल्ला न्यायाधिवक्ता, श्री दीपक बस्याल (आमन्त्रित)
६.डा. श्री विनम्र बिष्ट (आमन्त्रित)
७. ना.सु. श्री धिरेन्द्र कुमार, यादव (कार्यक्रम संचालक)
८. कम्प्यूटर अपरेटर श्री मोहन महतारा (व्यवस्थापक)
९. स.ले.पा. श्री दल बहादुर बुढथापा (लेखा व्यवस्थापक)
१०. हिलेन्द्र बहादुर शाही (का.स.)

छलफलका विषयवस्तुहरु

१. बाटोको निकास सम्बन्धमा ।
२. Virtual माध्यमबाट साक्षी गवाह उपस्थित गराउने सम्बन्धमा ।
३. कार्यालयको साईनबोर्ड सम्बन्धमा ।
४. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

निर्णयहरुः-

प्रस्ताव नं. १ माथि छलफल गर्दा

- उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय जुम्ला समेतको निकासको लागि उच्च अदालतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता भएकोले कार्यालयको परिसर र बाटोको बीचमा नीजि जग्गा रहेकोले सो जग्गा अधिग्रहण गर्न सकेमा कार्यालयको बाटोको

निकास हुने भएकोले नीजि जग्गा अधिग्रहण अनिवार्य देखिँदा त्यसका लागि महान्यायाधिवक्ताको कार्यालयमा आवश्यक कार्यार्थ पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ माथि छलफल गर्दा**

- नेपाल सरकार वादी भै दायर भएका मुद्दाहरुमा साक्षी गवाहलाई बुझ्नुपर्ने देखिँदा नबुझि नहुने साक्षी गवाहहरु भौगोलिक कठिनाई तथा अन्य कारणवस समयमै सम्बन्धित अदालतमा उपस्थित भै बकपत्र गर्न नसक्ने हुँदा निजहरुको समस्यालाई मध्यजनर गर्दै सकेसम्म श-शरीर उपस्थित भै बकपत्र गर्ने तथा उपस्थित हुन नसक्नेका हकमा Virtual माध्यमबाट बकपत्र गर्ने उच्च अदालत सुर्खेत जुम्ला ईजलाशले व्यवस्था गरेको पाइदा त्यसबाट अधिकतम लाभ लिने व्यवस्था आ-आफ्नो क्षेत्रबाट गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा**

- यस कार्यालय र मातहत जिल्ला सरकारी वकील कार्यालय जुम्लाको मुख्य प्रवेशद्वारमा साईनवोर्ड नहुँदा सेवाग्राहीहरुले सजिलै कार्यालयलाई पहिचान नै नगरी सेवा ग्राहीहरु मुख्य प्रवेशद्वारबाटै फर्किने हुँदा प्रवेशद्वारमा सेवाग्राहीको सहजताको लागि सडकबाटै देखिने गरी कार्यालयको साईनबोर्ड राख्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।

**प्रस्ताव नं. ४ माथि छलफल गर्दा**

- यस जुम्ला जिल्लामा सरोकारवाला निकायहरुको बीचमा समन्वयको अवस्था, अघिल्लो बैठक सम्वन्धी समिक्षा गर्दा सन्तोषजनक रहेको भन्ने निष्कर्षमा पुगियो ।